नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति : २०६७।२।७

बागमती अञ्चल, सिन्धुपाल्चोक जिल्ला, मार्मिङ र फुल्पिङ्ग कट्टी गा.वि.स.मा अवस्थित १८०० किलोवाट क्षमताको **मध्य चाकु साना जलविद्युत आयोजना**को विद्युत उत्पादनको अनुमतिपत्र प्रबर्द्धक श्री लाफिङ्ग बुद्ध पावर नेपाल प्रा.लि., हाडिगाउँ, काठमाडौंलाई नेपाल सरकारको मिति २०६७।२।७ को निर्णय अनुसार प्रदान गरिएको छ । यस आयोजनाबाट वार्षिक ८.६०३ गिगावाट घण्टा विद्युत शक्ति उत्पादन हुने छ । उक्त आयोजनाबाट उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणको लामोसाँघु सवस्टेशनमा जोडिने छ । यो आयोजना आ.व. २०६८ असार मसान्तसम्ममा सम्पन्न हुने छ भने आयोजनाको अनुमानित लागत करिब २५ (पच्चीस) करोड रुपैयाँ रहेको छ ।

**मोती बहादुर कुँवर**
सहसचिव